# आँधीखोला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँ सभाबाट स्वीकृत मितिः २०७५/०३/२७

**प्रस्तावनाः** आँधीखोला गाउँपालिका आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम आँधीखोला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।
   (२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि आँधीखोला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।
२. **एकिकृत सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइनेछ ।
३. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।
६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर उक्त कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय विभाज्य कोष मार्फत् गाउँपालिका संचित कोषमा बाँडफाँड गरिनेछ ।
७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । उक्त कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय विभाज्य कोष मार्फत् गाउँपालिका संचित कोषमा बाँडफाँड गरिनेछ ।
८. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । उक्त कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय विभाज्य कोष मार्फत् गाउँपालिका संचित कोषमा बाँडफाँड गरिनेछ ।
९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (८) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।
१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची -१

**(ऐनको दफा २ सँग सम्बन्धित)**

आँधिखोला गाउँपालिका भित्र देहायका सडक खण्डसँग जोडिएका जग्गाहरुको देहाय बमोजिमका मूल्यको आधारमा एकिकृत सम्पति कर लगाईने छ ।

(क) **नागडाँडा-कार्कीनेटा सडक खण्ड (प्रति रोपनी रु.)**

| | |
|---|---|
| ➢ सेतिखोलाको पुलको मुखदेखि एकरायसम्म | १५,८४,०००।- |
| ➢ एकरायदेखि रंगेठाटीको हराभरा सहकारीसम्म | १३,२०,०००।- |
| ➢ रंगेठाटीको हराभरा सहकारीदेखि निस्तीखोला प्रगतिडाँडा सम्म | १५,८४,०००।- |
| ➢ बेत्यानीदेखि रंगुवाखोला सम्म | १५,८४,०००।- |
| ➢ लौसीखोलादेखि अर्घादीखोलासम्म | १५,८४,०००।- |
| ➢ काफलबोट खोलादेखि छहरेखोला सम्म | १३,२०,०००।- |
| ➢ पेटकटेरीदेखि रातमाटासम्म | ९,२४,०००।- |
| ➢ रातमाटादेखि हिलेसम्म | ५,२८,०००।- |

(ख) **पुतलीखेत-कार्किनेटा-कुश्मा सडक खण्ड (प्रति रोपनी रु.)**

| | |
|---|---|
| ➢ चिसाखोलादेखि मार्सेखोला सम्म | १३,२०,००० ।- |
| ➢ मार्सेखोलादेखि डाम्डिही सम्म | ९,२४,०००।- |
| ➢ डाम्डिहीदेखि भालुमारे खोला (वडा न. २) | ५,२८,०००।- |
| ➢ भालुमारेदेखि देउराली डाँडासम्म | १३,२०,००० ।- |
| ➢ पोखराचौरदेखि फन्डाँडासम्म | ५,२८,०००।- |

(ग). **सेतिदोभान-निबुवाबोट- भुद्रमपोला-पञ्चमुल सडक (प्रति रोपनी रु)**

| | |
|---|---|
| ➢ ढाँडिखेत(पक्कीपुलको मुख)देखि चिसापानीको पुलको मुखसम्म | १५,८४,००० ।- |
| ➢ चिसापानीको पुलको मुखदेखि गौरीशंकर चोकसम्म | ३,९६,०००।- |
| ➢ भगवतीचोकदेखि बुढीको चौतारासम्म | ३,९६,०००।- |
| ➢ बुढीको चौतारादेखि भुद्रमपोलाको भन्ज्याँङसम्म | ५,२८,०००।- |
| ➢ बेजाङ्ग सडक खण्ड | ३,९६,०००।- |
| ➢ खड्कटेरीडाँडा देखि हिलेसम्म | ३,९६,०००।- |
| ➢ हिलेदेखि पिरपिरेखोला सम्म | २,६४,०००।- |
| ➢ पिरपिरे खोला देखि मुलसम्म | ३,९६,०००।- |
| ➢ मुलदेखि भुमीथानसम्म | ३,९६,०००।- |

- भूमीथानदेखि सिरुबारी धारु बजार सम्म १३,२०,००० ।-
- धारुबजारदेखि कुर्ले बजार सम्म ४,२०,०००।-
- कुर्लेदेखि बजानीबजार सम्म ४,००,०००।-

(घ) **हेलु-अर्जुनचौपारी- सिरुबारी सडक (प्रति रोपनी रु)**

- पाङग्राको झ्याङदेखि भातपोखरी अर्घौदी सम्म १,३२,००० ।-
- समिको रुखदेखि राम्चेजिरो सम्म १,३२,००० ।-
- राम्चेदेखि पूर्ण गाउँसम्म १,३२,००० ।-
- ज्याम्चेदेखि सिरुवारी गाउँसम्म ३,९६,००००।-

**(ङ) खड्केटारी -पञ्चासे सडक खण्ड (प्रति रोपनी रु)**

- नाम्दीखोलादेखि चरिपानीखोला सम्म ५,२८,०००।-
- चरिपानीखोला देखि टुनीखोला सम्म १०,५६,००० ।-

**(च) सेपत-पञ्चासे सडक (प्रति रोपनी)**

- सेपत जिरो देखि पात्ला सम्म ७,९२,०००।-
- पात्लादेखि देवीस्थान सम्म ३,९६,०००।-
- देउराली देखि ह्याङसेदी (श्रवणकुमार) सम्म १०,५६,००० ।-
- ह्याङसेदी (श्रवणकुमार) देखि भञ्ज्यांङ सम्म ३,९६,०००।-

**(छ) फुलबारी-आर्थर सडक (प्रति रोपनी)**

- फुलबारी देखि फुँवासे जोड्ने बाटो सम्म ३,९६,०००।-
- फुँवासे जोड्ने बाटो देखि ढोली डाँडासम्म १०, ५६,०००।-

**(ज) सहिदमार्ग (प्रति रोपनी रु)**

- जिरो देखि बि.पि. स्मृती प्रा.वि सम्म ३,९६,०००।-
- बि.पी स्मृतिप्रा.वि देखि पोखरीसम्म ५,२८,०००।-
- पोखरीदेखि वडा कार्यालय सम्म २,६४,०००।-
- वडा कार्यालय देखि नुनथलाहुँदैहिले सम्म ७,९२,०००।-
- कमेरेपानी देखि भयरको थान सम्म ३,९६,०००।-
- भयरको थान देखि जुम्लीडानासम्म २,६४,०००।-

(झ) **<u>भैरव कुण्ड-ओइया-सम्दीखोला सडक</u> (प्रति रोपनी रु)**

- भैरव कुण्डदेखि काफलटारीसम्म ८,५६,००० ।-
- घलेको घर देखि माताको गुफासम्म ६,६०,०००।-

(ञ) **<u>कालीखोला-पोखराचौर सडक</u> (प्रति रोपनी रु)**

- कालीखोला देखि स्याले खोल्सासम्म ६,६०,०००।-
- उपल्लो स्यालेखोल्सा देखि टारीसम्म (टापु) ६,६०,०००।-

(ट) **<u>जिरो-चिलाउनेभाटी सडक</u> (प्रति रोपनी रु)**

- आँधिखोलाको पुलदेखि कालीखोलाको पुलसम्म १३,२०,०००।-
- कालीखोलाको पुलदेखि कुलायनमन्दिर सम्म ३,९६,०००।-
- कुलायनको मन्दिर देखिथुमको खोला सम्म ५,२८,०००।-
- हर्जामुनीदेखि तिलीम सम्म ३,९६,०००।-

(ठ) **<u>सेतिदोभान-चण्डीकालीका सडक</u> (प्रति रोपनी रु)**

- चिसापानीको पुलको मुख देखि ठाँटीसम्म १०,५६,००० ।-
- ठाँटीदेखिभञ्यांङ सम्म ५,२८,०००।-

(ड) **<u>ढाँव- बरपिप्ले सडक</u> (प्रति रोपनी रु)**

- ढाँव देखि वरपिप्ले सम्म ६,६००००।-

(ढ) **<u>भञ्याङ– आर्थर सडक</u> (प्रति रोपनी रु)**

- भञ्याङ देखि आर्थर सम्म ६,६००००।-

(ण) **<u>मान्छेको टाउको- बैडा सडक</u> (प्रति रोपनी रु)**

- दह देखि बैडा सम्म ५,२८,०००।-

(त) **<u>कृषिपुलको मुख सडक</u> (प्रति रोपनी रु)**

- कृषि देखि कृषि पुलको मुख सम्म १५,८४,००० ।-

(थ) **<u>सेतिदोभान- ठुली बराय सडक</u> (प्रति रोपनी रु)**

- सेतिदोभानको बरको रुख देखि ठुलीबराय करौदी सम्म १०,५६,००० ।-

(द) **<u>सेतिदोभान-सिम्खेत छापा सडक</u> (प्रति रोपनी रु)**

- बरायखोला देखि छापा सम्म १०,५६,००० ।-

(ध) **<u>चिलाउनेभाटी- मडुवा सडक</u> (प्रति रोपनी रु)**

- जरेखोला देखि नैकुडाँडा सम्म ५,२८,००० ।-
- नैकुडाँडा देखि भण्डार थुम्का सम्म ८,००,०००।-

(न) **<u>जाबीखोला ओइया सडक ( प्रति रोपनी रु )</u>**

- जाबीखोला देखि सम्धीखोला सम्म १०,५६०००।-

माथि उल्लेखित बाहेकका जग्गाहरुको मुल्य निर्धारण मालपोत कार्यालय स्याङजाबाट प्रत्येक वर्ष रजिष्ट्रेसन प्रयोजनार्थ निर्धारित मुल्यमा ३० प्रतिशत मुल्य थप गरी एकिकृत सम्पति कर लगाइने छ ।

## भौतिक संरचना तर्फ :

आँधिखोला गाउँपालिका भित्र बनेका तपशिल बमोजिमका भौतिक संरचना (घर, गोठ, शौचालय लगायत अन्य) को मुल्य तपसिल बमोजिम निर्धारण गरिनेछ ।

**<u>तपसिल</u>**

| क्र.स | संरचनाको प्रकार | प्रतिवर्ग फिट मुल्य | कैफियत |
|---|---|---|---|
| १ | आर. सि. सि पक्की घर | ८००। | |
| २ | ब्लक, सिमेन्ट, जोडाइ जस्ता वा ढुङ्गाको छाना भएको घर | ५००। | |
| ३ | ढुङ्गा माटो जोडाइ भएको ढुङ्गा जस्ता, खर को छाना भएको | ३००। | |

## <u>ह्रास कट्टी तर्फः</u>

आँधिखोला गाउँपालिका भित्रका तपसिल बमोजिमका भौतिक संरचनाको ह्रास कट्टी तपसिल बमोजिम गरिनेछ ।

| क्र.स | संरचनाको प्रकार | ह्रास कट्टी प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | आर. सि. सि पक्की घर | १ प्रतिशत | |
| २ | ब्लक, सिमेन्ट, जोडाइ जस्ता वा ढुङ्गाको छाना भएको घर | २ प्रतिशत | |
| ३ | ढुङ्गा माटो जोडाइ भएको ढुङ्गा जस्ता, खर को छाना भएको | ३ प्रतिशत। | |

**कर योग्य एकिकृत सम्पतिको वार्षिक करको दर**

| क्र.स | कर योग्य एकीकृत सम्पत्तिको मुल्य | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | रु ५ लाख सम्मको | एक मुस्ट रु ५०।- | |
| २ | रु ५ लाख देखि ५० लाख रुपैया सम्म | प्रति लाख रु २०।- | |
| ३ | रु ५१ लाख देखि १ करोड रुपैया सम्म | प्रति लाख रु २५।- | |
| ४ | रु १ करोड १ लाख देखि २ करोड सम्म | प्रति लाख रु ३०।- | |
| ५ | रु २ करोड १ लाख देखि ३ करोड सम्म | प्रति लाख रु ३५।- | |
| ६ | रु ३ करोड १ लाख देखि माथि ५ करोड सम्म | प्रति लाख रु ४५।- | |
| ७ | रु ५ करोड भन्दा माथि | प्रति लाख रु ५०।- | |

*नोट : मुल्याकन रकमलाइ रु लाखमा (RoundFigure) मा परिणत गरि करको दर निर्धारण हुनेछ ।*

अनुसूची -२

(ऐनको दफा ३ सँग सम्वन्धित)

**गाउँपालिकाबाट लिईने घर जग्गा बहाल करको दर (प्रति रोपनी रु):**

| | | |
|---|---|---|
| **बहाल कर (पटके)** | आँधिखोला गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड(छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको | ५% |
| | आँधिखोला गाउँपालिका क्षेत्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफूट मासिक बहाल विटौरी कर | २/- |

अनुसूची-३

(ऐनको दफा ४ सँग सम्वन्धित)

## गाउँपालिकाबाट लिईने व्यवसाय करको बार्षिक दर रुः

| क.सं. | व्यवसायको विवरण | आ.ब. २०७५।७६ का लागि करको श्रेणी | |
|---|---|---|---|
| | स्तर | क (भ्याट/पान दर्ता) | ख (भ्याट/पान दर्ता नभएका) |
| **१)** | **पर्यटन उद्योग** | | |
| १.१ | होमस्टे | ५०० | ३०० |
| १.२ | होटल,लज एवं साधारण होटल | १५०० | ५०० |
| १.३ | रेष्टुरेन्ट (म:म, तास,सेकुवा आदि) | १,०००।० | ३०० |
| १.४ | मदिरा पसल | १,०००।० | १००० |
| १.५ | प्रति पर्यटक स्वदेशी । विदेशी | | २५।५० |
| **२)** | **व्यापारिक वस्तु** | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खुद्रा | १००० | ५०० |
| २.२ | कपडा पसल (थोक एवं खुद्रा) | १००० | ५०० |
| २.३ | आयल पम्प | ५००० | ५००० |
| २.४ | विद्यूत सामान तथा विद्यूतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ५०० |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० |
| २.६ | निर्माण सामाग्री | २००० | १५०० |
| २.७ | सुनचांदी पसल (ज्वेलेरी) | २५०० | २००० |
| २.८ | फेन्सी पसल | १००० | ५०० |
| २.९ | उनी धागो पसल | ५०० | ३०० |
| २.१० | जुत्ता चप्पल पसल | ८०० | ३०० |
| २.११ | सपिङ सेन्टर | २५०० | २००० |
| **३)** | **अन्य सेवा** | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ८०० | ५०० |
| ३.२ | फर्नीचर पसल | २००० | १५०० |
| ३.३ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | १००० | ५०० |
| ३.४ | केवुल, नेटवर्किङ | ५००० | ५००० |
| ३.५ | पुलवोर्ड (प्रति वोर्डरु.) | ५००० | ५००० |
| ३.६ | भिडियो गेम(प्रति स्क्रिमरु.२००।) | ३००० | ३००० |
| ३.७ | पुस्तक तथा पत्रिका पसल | ७०० | ५०० |
| ३.८ | नर्सरी र फलफूलका विरुवा बिक्रीवितरण | ४०० | २०० |
| ३.९ | सस्थागत पेन्टर | ५०० | ५०० |
| ३.१० | तरकारी पसल | ३०० | १०० |
| ३.११ | वीज भण्डार | ५०० | १०० |
| ३.१२ | मासु पसल | १००० | ५०० |
| ३.१३ | कपडा सिलाई | ५०० | २०० |
| ३.१४ | हेयर कटिङ | ५०० | २०० |
| ३.१५ | आर्ट | ५०० | ५०० |
| ३.१६ | फोटो स्टुडियो | १००० | ५०० |
| ३.१७ | रंगरोगन पसल | १५०० | १००० |
| ३.१८ | चश्मा पसल | ५०० | ३०० |
| **४)** | **मर्मत संभार** | | |
| १ | रेडियो टि.भि घडी, प्रेशर कूकर, हिटर टेलीफोन सेट पंखा तथा स्टोभ, विद्यूत सामग्री मर्मत केन्द्र | ८०० | २०० |
| २ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० |
| **५)** | **सेवा उद्योग** | | |
| १ | डाइभिङ इन्स्टिच्युट | ८०० | १००० |
| २ | चलचित्र मन्दिर | १००० | १००० |

| | | | |
|---|---|---|---|
| ३ | ल्याब तथा फोटो ग्राफि | १००० | ५०० |
| ४ | छापाखाना | १००० | १००० |
| **६)** | **वन पैदावार तथा वनजन्य उद्योग** | | |
| १ | वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | ३००० | ३००० |
| **७)** | **उर्जामूलक** | | |
| १ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १००० | ५०० |
| **८)** | **उत्पादन मूलक उद्योग** | | |
| १ | पाउरोटी भण्डार | ८०० | ५०० |
| २ | मिल | ५०० | ३०० |
| ३ | आइसक्रिम उद्योग तथा पसल | ५०० | ३०० |
| **९)** | **वित्तीय सेवा** | | |
| १ | वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था | १५०० | १५०० |
| २ | उत्पादन मूलम सहकारी संस्था | ५०० | ५०० |
| ३ | रेमिटेन्स सेवा | २००० | २००० |
| | बैक | ५००० | ५००० |
| **१०)** | **स्वास्थ्य सेवा** | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | १५०० | १००० |
| २ | नर्सिङ होम | १५०० | १००० |
| ३ | क्लिनिक, ल्याव तथा फार्मेसि | १५०० | १००० |
| ४ | दांत बनाउने पसल | १००० | १००० |
| **११)** | **शिक्षा सेवा** | | |
| १ | नि.जि क्षेत्रका बोर्डिङ स्कूल क्याम्पस मा.वि. र आधारभुत | ४००० | ३००० / २००० |
| २ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १००० | १००० |
| ३ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | ५०० | ३०० |
| ४ | टेक्निकल इन्स्टिच्यूट | १००० | १००० |
| ५ | गैर सरकारी संस्था संचालन | १००० | १००० |
| **१२)** | **निर्माण व्यवसायी गांउ पालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ** | ५०००।,४०००।,३०००।,२००० | |
| **१३** | **संचार सेवा** | | |
| १ | निजी क्षेत्रका कुरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५०० | २०० |
| **१३)** | **विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज) | ५०० | ३०० |
| २ | ल फर्म | | ३०० |
| ३ | कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.) | ५००० | ५००० |
| ४ | ज्योतिस | ५०० | ५०० |
| ५ | अडिटर फर्म (क ख ग घ) | १५०० | १००० |
| **१४)** | **अन्य व्यवसाय** | | |
| १ | कवाडी सामानको थोक बिक्रेता | २००० | १००० |
| २ | टेण्ट हाउस | १००० | १००० |
| ३ | लूगा धूने पसल | ५०० | २०० |
| ४ | मादल पसल | ३०० | १०० |
| ५ | माटोको भांडा बनाउने | ३०० | १०० |
| ६ | मिठाई पसल | ८०० | २०० |
| **१५)** | **साना उद्योग** | | |
| १ | कटिङ ढूंगा उद्योग | १००० | १००० |
| २ | इट्टा भट्टा | १००० | ५००० |
| ३ | ग्रिल उद्योग | १५०० | १००० |
| ४ | अन्य उद्योग | | कार्यपालिकाको निर्णयानूसार |
| ५ | क्रसर उद्योग | १०००० | १०००० |
| ६ | ब्लक उद्योग | १५०० | १००० |
| **१६)** | **विज्ञापन दस्तूर** | | |
| १ | प्रति वर्ग मि. | | १०० |

अनुसूची-४

(ऐनको दफा ५ सँग सम्वन्धित)

**गाउँपालिकाले लिने जडिबुटी कवाडी र जीवजन्तुको व्यवसायीक कारोवार बापत बार्षिक कर रुः**

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | कवाडी सामानको थोक विकेता (बार्षिक) | १०००।- | |
| २ | सल्लाको खोटो प्रति के.जी. | रु ३।- | |
| ३. | उन, जडिबुटी, बनकस, कवाडी माल, हाड, सिङ, प्वाँख, छाला आदी । | गाउँ कार्यपालिकाको निर्णयानुसार | |

अनुसूची-५

(ऐनको दफा ६ सँग सम्वन्धित)

**गाउँपालिकाले लिने सवारी साधन करको बार्षिक दर रुः**

| क. | बार्षिक सवारी कर | रु. |
|---|---|---|
| १ | बस, ट्रक, लहरी | १,००० |
| २ | मिनीबस, ट्रक (छ पांग्रे) | ६०० |
| ३ | मिनीबस, ट्रक (चार पांग्रे) | ५०० |
| ४ | भाडाको कारजीप | २०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | ५०० |
| ६ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथि | ५०० |
| ७ | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | ३०० |
| ८ | स्कुटर मोटरसाइकल | १०० |
| ९ | ठेला तथा रिक्सा | १०० |
| १० | सफा टेम्पो | २०० |
| ११ | गोरु गाडा | ५० |

| | | |
|---|---|---|
| १२ | पावर टेलर | ५०० |
| १३ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | ५,०००।०० |
| **ख** | **पटके सवारी कर** | |
| १ | ट्रक, ट्रिपर तथा डोजर | २०० |
| २ | ट्याक्टर | १५० |
| ३ | निजी तथा भाडाका बस र मिनिबस | १०० |
| ४ | भ्यान, कार, जीप, टेम्पो, ट्याक्सी | ४० |
| **ग** | **प्राकृतिक साधन उपयोग कर** | |
| १. | गिटी ढूंगा (प्रति हेभी ट्रक) | ५०० |
| २. | गिटी ढूंगा (प्रति मिनी ट्रक) | ४०० |
| ३. | गिटी ढूंगा (प्रति ट्याक्टर) | २०० |
| ४. | वालुवा (प्रति ट्रक) | ३०० |
| ५. | कटिङ ढूंगा (प्रति ट्रक) | २,५००।०० |
| ६. | छपनी सादा ढूंगा (प्रति ट्रक) | २,०००।०० |
| ७. | कटिङ ढूंगा | २,०००।०० |
| ८. | छपनी सादा ढूंगा | १,०००।०० |
| ९. | कालीमाटी र रातो माटो (ट्रक) | २०० |
| १०. | कालीमाटी र रातो माटो (ट्याक्टर) | १०० |
| ११. | कालीमाटी र रातो माटो (पावर टेलर) | ५० |

अनुसूची-६

(ऐनको दफा ७ सँग सम्वन्धित)

**गाउँपलिकाले लिने विज्ञापन करको दरः**

| क्र. सं. | विज्ञापन दर | दर | कैफियत |
|---|---|---|---|
| १. | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | ८०० | |
| २. | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | ५०० | |
| ३. | तुल व्यानर एक हप्ताको लागि | ५० | |
| ४. | तुल व्यानर एक हप्ता भन्दा बढी | १०० | |

अनुसूची-७

(ऐनको दफा ८ सँग सम्वन्धित)

**गाउँपलिकाले लिने मनोरञ्जन करको दरः**

| | | |
|---|---|---|
| **मनोरञ्जन कर (पटके)** | सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शन हल, थिएटर, संगीत, मनोरञ्जन प्रदर्शनस्थल, ऐतिहासिकस्थल, पूरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकमको<br>(तर ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिईने छैन ) | २% |
| | जादु, सर्कस, चटक आदिमा प्रति दिन | ३००।- |

अनुसूची-८

(ऐनको दफा ९ सँग सम्वन्धित)

**गाउँपालिकाले लिने वहाल विटौरी शुल्कको दरः**

| क) | सार्वजनिक जग्गामा बनेका घर, टहरा, घूम्ती, गोदाम वा अन्य कूनै संरचना | रु. | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा वनेका घर सटरहरुको | टेण्डर प्रतिस्पर्धाका आधारमा | |
| २ | घूम्ती व्यवसायीहरुलाई मासिक | १०० | |
| ३ | टहराहरु मासिक | १०० | |
| ४ | गोदामहरु मासिक | १०० | |
| ५ | अन्य संरचनाहरु मासिक | गाउं कार्यपालिकाले तोके बमोजिम | |

अनुसूची-९

(ऐनको दफा १० सँग सम्वन्धित)

**गाउँपालिकाले लिने पार्किङ शुल्कको दरः**

| **क्र.सं.** | **सवारी पार्किङ शूल्क** | रु | कैफियत |
|---|---|---|---|
| १. | ठूला सवारी साधन प्रति घण्टा | १० | |
| २. | साना सवारी साधन प्रति घण्टा | ५ | |

अनुसूची-१०

(ऐनको दफा ११ सँग सम्वन्धित)

**गाउँपलिकाले लिने सेवा वा व्यवसाय शुल्कको दरः**

आफ्नो क्षेत्रभित्र ट्रेकिङ् , कोयोकिङ् , क्यानोइङ् , बञ्जी जम्पिङ् , जिप फ्लायर, ग्लाईडिङ्, व्यालुनिङ् ,गल्फकोर्श, प्यारा सेलिङ् र अश्वारोहण आदि सेवा वा व्यवसायमा सेवा वा व्यवसायको प्रकृति हेरी गाउँ कार्यपालिकाको निर्णयानुसार रु १,०००।- देखि ५०,०००।- सम्म ।

अनुसूची - ११

(ऐनको दफा १२ सँग सम्वन्धित)

**गाउँ कार्यपालिका वा वडाबाट उपलव्ध गराईने प्रमाणित तथा सिफारिस वापतको सेवा शुल्कको दरः**

| **सि.न** | **विवरण** | **दर रु.** | **कैफियत** |
|---|---|---|---|
| **क)** | **सिफारिस** | | |
| १ | नाता प्रमाणित | नेपालीमा २०० र अंग्रजी ५०० ( निवेदन सहित) | |
| २ | विदेश जाने सिफारिश | नेपालीमा ५०० र अंग्रजी ७०० | |
| ४ | घरजग्गा नामसारी/हकवाला प्रमाणित | ३०० | |
| ५ | घर कायम सिफारिस | कच्ची घर ३००, पक्की ५०० | |
| ६ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५०० | |
| ७ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | २०० | |
| ८ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५०० | |
| ९ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (मन्टेश्वरी/आ वि/मा वि) | ५००/ १,०००/ १५०० | |
| १० | काठ दाउराको सिफारिस | काठः १५००, दाउराः १००० | |
| ११ | अंग्रेजी रुपान्तरण | ५०० | |
| १२ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १०० प्रतिलिपीः १५० | |

| | | | |
|---|---|---|---|
| १३ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५,००।० | |
| १४ | नाम छुटको सिफारिस | १,००।० | |
| १५ | चार किल्ला प्रमाणित सिफारिस | ३००।० | |
| १६ | सनाखतको सिफारिस | ३००।० | |
| १७ | जन्म मृत्यु सम्बन्धी सिफारिस | १५०।० | |
| १८ | स्थायी बसोबास सम्बन्धी सिफारिस | १५०।० | |
| १९ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००।० | |
| २० | कन्सूलर प्रमाणित | ४००।० | |
| २१ | सर्जमिन शुल्क | ५००।० | |
| २२ | अमिन शुल्क | २०००।० प्रति कित्ता | |
| | | थप प्रति कित्ता १०००।० | |
| २३ | विद्युत जडान सम्बन्धी सिफारिस | | |
| क) | आर.सी.सी. पक्की घर | ३,००।० | |
| ख) | अन्य घर | २,००।० | |
| २४ | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३,००।० | |
| २५ | निजी धारा जडान सम्बन्धी सिफारिस | ३,००।० | |
| २६ | चारित्रिक सिफारिस | ५००।० | |
| २७ | प्लटिङ सेवा शुल्कः२ रोपनीसम्म, सो भन्दा माथि ५ रोपनीसम्म प्रति १ रोपनी र सोभन्दा बढी प्रति १ रोपनी | २५,०००।०, १०,०००।० र ५,०००।० | |
| २८ | घरेलू उद्योग स्थापना सिफारिस | ३००।० | |
| २९ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | ५०० | |
| ३० | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशूल्क | |
| **ख)** | **अन्य दस्तूर** | | |
| १ | निवेदन दस्तूर | १०।० | |
| २ | अनुसूची | १०।० | |
| ३ | निवेदन दर्ता शूल्क | १० | |
| ४ | भवन निर्माण दरखास्त फाराम | १००।०० | |
| ५ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | ५०० | |
| ६ | जन्म, मृत, वसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तुर | ५० | |

| | | | |
|---|---|---|---|
| ७ | परीक्षा सम्बन्धी दरखास्त फाराम शूल्क | १०० | |
| ८ | कोटेशन फाराम शूल्क | आर्थिक नियमावली अनुसार | |
| ९ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार | |
| १० | निवेदन नक्कल प्रति पाना | कार्यालयले ७० आफैले ५।० | |
| ११ | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | १०० | |
| १२ | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर १००।० राज्य २००।० | |
| १३ | घर निर्माण नक्शाको नक्कल दस्तुर | ३०० | |
| १४ | मिलापत्र दस्तुर प्रति पक्ष | निशूल्क | |
| नोट: | आर्थिक सहायता, दीन दु:खी हरुको हकमा गाउ पालिकाको अध्यक्षको तोक आदेश अनुसार निशूल्क सेवा प्रदान गर्न सकिन्छ । | निशूल्क | |
| **ग)** | **हैसियत प्रमाणित** | | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | | |
| १. | रु.१ देखी १०लाखसम्म | १,०००।०० | |
| २. | रु.१०लाख १ देखी २० लाखसम्म | २,०००।०० | |
| ३. | रु.२० लाख १ देखी ३० लाखसम्म | ३,०००।०० | |
| ४. | रु.३० लाख १ देखी ४० लाखसम्म | ४,०००।०० | |
| ५ | रु.४० लाख १ देखी ५० लाखसम्म | ५,०००।०० | |
| ६ | रु.५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०७ प्रतिशतले लिने | |
| घ) | अध्ययनको लागि | | |
| १ | रु.२० लाख सम्मको रु.१०००।०० | १००० | |
| २ | रु.३० लाख सम्मको रु.१५००।०० | १,५००।०० | |
| ३ | रु.५० लाख सम्मको रु.२५००।०० | २,५००।०० | |
| ४ | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०५०प्रतिशतले लिने | |
| ५ | अंशवण्डा र दानबकसमा | १५० | |
| **ङ)** | गाउ पालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिस र एकीकृत सम्पत्तिकर तथा अन्य विविध करको पुन: नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ । | | |